# राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग
सिंहदरबार, काठमाडौं

**आर्थिक वर्ष २०८३/८४ मा प्रदेश सरकारले स्थानीय विभाज्य कोषबाट सम्बन्धित प्रदेश भित्रका स्थानीय सरकारबीच बाँडफाँट गर्ने सवारी साधन करको सम्बन्धमा कोशी प्रदेश सरकारलाई गरिएको सिफारिस।**

सिफारिस मिति: २०८३/०१/०३

## १.पृष्ठभूमि

सङ्घीय शासन प्रणालीको महत्वपूर्ण आधारस्तम्भको रूपमा वित्तीय सङ्घीयता रहेको हुन्छ। वित्तीय सङ्घीयताका विभिन्न अवयवहरू मध्ये सङ्घीय इकाइहरू बीचमा हुने राजस्व बाँडफाँटलाई समेत लिइन्छ। तहगत सरकार बीचमा एकातर्फ खर्चको आवश्यकताका आधारमा राजस्व अधिकारको बाँडफाँट गरिन्छ भने अर्कोतर्फ समग्र राजस्व प्रशासनलाई मितव्ययी एवम् प्रभावकारी बनाउन र करदाताहरूको कर कानून पालनालाई सहज तुल्याउन तहगत सरकारबीच राजस्व प्रशासन सम्बन्धमा आवश्यक समन्वय तथा सहकार्यको आवश्यकता पर्दछ।नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय सरकारको एकल तथा साझा अधिकारका विषयहरू सूचीकृत गरेको छ। साथै, तहगत सरकार बीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने समेत उल्लेख गरिएको छ।

संविधानको अनुसूची ५ प्रदेशको अधिकारको सूची र अनुसूची ६ स्थानीय तहको अधिकारको सूची दुवैको एकल अधिकार क्षेत्रका घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर र विज्ञापन करलाई अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले एकल कर प्रशासनको दायरामा ल्याई सङ्कलित कर लाई प्रदेश र स्थानीय तह बीचमा बाँडफाँट हुने व्यवस्था गरेको छ।

एकल कर प्रशासन अन्तर्गतको सवारी साधन करको दर निर्धारण र सङ्कलनको कार्य प्रदेश सरकारले गर्दछ भने त्यसरी सङ्कलित कर रकमको साठी प्रतिशतले हुने रकम प्रदेश सरकारलाई र चालिस प्रतिशतले हुने रकम स्थानीय सरकारलाई बाँडफाँट गर्ने व्यवस्था अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ६क. को उपदफा (२) ले गरेको छ। साथै, सो ऐनको दफा ६क. को उपदफा (४) ले स्थानीय सरकारका बीच बाँडफाँट हुने रकमको आधार र ढाँचा निर्धारण गरी सिफारिस गर्ने जिम्मेवारी यस आयोगको रहेको छ। उल्लिखित कानूनी जिम्मेवारीबमोजिम आयोगबाट आर्थिक वर्ष २०८३/८४ मा प्रदेश सरकारले सङ्कलन गरी स्थानीय विभाज्य कोषमा जम्मा गर्ने सवारी साधन करका सम्बन्धमा प्रदेश सरकारलाई सिफारिस गरिएको छ।

## २. कानूनी व्यवस्था

### २.१ नेपालको संविधान

- धारा ६० को उपधारा (१) र उपधारा (७)।
- अनुसूची ६ - प्रदेशको अधिकारको सूचीको क्र.सं.४।
- अनुसूची ८ - स्थानीय तहको अधिकारको सूचीको क्र.सं.४।

### २.२ अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

- दफा ५ को उपदफा (१) को खण्ड (क)।
- दफा ६क. को उपदफा (१), (२), (३) र (४)।

### २.३ राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४

- दफा १५ को उपदफा १।

### २.४ प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५

- दफा ३।

## ३. सिफारिसमा प्रयोग गरिएको गणना विधि, सूचक र तथ्याङ्कको स्रोत

सूचक र उपसूचकबीचको एकिकृत भार गणना विधि र प्रकृया आयोगबाट आ.व. २०८२/८३ को सिफारिस गर्दा अवलम्वन गरिए बमोजिम रहेको छ। सवारी साधन कर बाँडफाँट सम्बन्धमा प्रयोग गरिएको सूचक र तथ्याङ्कको स्रोत सम्बन्धी विवरण तालिका नं. १ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. १**

**सूचक र तथ्याङ्कको स्रोत सम्बन्धी विवरण**

| क्र.सं. | सूचक | तथ्याङ्कको स्रोत |
|---|---|---|
| १. | जनसङ्ख्या र जनसाङ्ख्यिक विवरण | राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय |
| २. | क्षेत्रफल (भूगोल) | नेपाल राजपत्र |
| ३. | मानव विकास सूचकाङ्क | नेपाल मानव विकास प्रतिवेदन २०२०, राष्ट्रिय योजना आयोग |
| ४. | पूर्वाधार विकासको अवस्था<br>४.१ सडकको घनत्व (सडकमा पहुँच)<br>४.२ खानेपानीको सुविधा (खानेपानीमा पहुँच)<br>४.३ सरसफाइ (शौचालयको उपलब्धता)<br>४.४ शहरीकरणको अवस्था<br>४.५ विद्युतको सुविधा (विद्युतमा पहुँच)<br>४.६ सूचना प्रविधिको सुविधा (सूचना प्रविधिमा पहुँच) | <br>४.१ सडक विभाग,भवन तथा शहरी विकास विभाग र स्थानीय पूर्वाधार विकास विभाग (२०१८)<br>४.२ राष्ट्रिय जनगणना २०७८<br>४.३ राष्ट्रिय जनगणना २०७८<br>४.४ राष्ट्रिय जनगणना २०७८<br>४.५ राष्ट्रिय जनगणना २०७८<br>४.६ राष्ट्रिय जनगणना २०७८ |
| ५. | वनले ढाकेको क्षेत्रफल/पर्यावरण | वन तथा वातावरण मन्त्रालय |

## ४. सिफारिस गर्दा लिइएका सूचकको भार:

यस सिफारिसमा प्रयोग गरिएको सूचक (आधार) र (ढाँचा) भार प्रतिशतलाई तालिका नं. २ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. २**

**सूचक (आधार) र भार प्रतिशत (ढाँचा)**

| क्र.सं. | सूचक/उपसूचक | उपसूचकको भार (प्रतिशतमा) | सूचकको भार (प्रतिशतमा) |
|---|---|---|---|
| १ | जनसङ्ख्या र जनसाङ्ख्यिक विवरण | | ५० |
| | १.१ कुल जनसङ्ख्या | ६० | |
| | १.२ आश्रित जनसङ्ख्या (१५ वर्ष भन्दा कम र ६४ वर्ष भन्दा बढी) | ३० | |
| | १.३ अपाङ्गगता भएको जनसङ्ख्या | १० | |
| २ | क्षेत्रफल | | १० |
| ३ | मानव विकास सूचकाङ्क | | ५ |
| ४ | पूर्वाधार विकासको अवस्था | | २५ |
| | ४.१ सडकको घनत्व (सडकमा पहुँच) | ७५ | |
| | ४.२ खानेपानीको सुविधा (खानेपानीमा पहुँच) | ५ | |
| | ४.३ सरसफाइ (शौचालयको उपलब्धता) | ५ | |
| | ४.४ शहरीकरणको अवस्था | ५ | |
| | ४.५ विद्युतको सुविधा (विद्युतमा पहुँच) | ५ | |
| | ४.६ सूचना प्रविधिको सुविधा (सूचना प्रविधिमा पहुँच) | ५ | |
| ५ | वनले ढाकेको क्षेत्रफल/पर्यावरण | | १० |
| **जम्मा** | | | **१००** |

## ५. सिफारिसमा प्रयोग गरिएका सूचक (आधार) र भार प्रतिशत (ढाँचा) को विश्लेषण:

### ५.१ जनसङ्ख्या र जनसाङ्ख्यिक विवरण

प्रत्येक स्थानीय तहमा सञ्चालन हुने सवारी साधनको सङ्ख्याको निर्धारण प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सोही स्थानमा बसोबास गर्ने जनताको सङ्ख्याले निर्धारण गरेको हुन्छ भने सवारी साधनको प्रयोगसँगै हुने सकारात्मक तथा नकारात्मक असर/प्रभाव पनि सोही स्थानीय तहका जनतामा नै सबैभन्दा बढी परेको हुन्छ। यस अर्थमा सवारी साधन करबाट प्राप्त हुने रकमको बाँडफाँटको एउटा महत्वपूर्ण सूचकको रूपमा सम्बन्धित स्थानीय तहको जनताको सङ्ख्यालाई लिनुपर्ने हुन्छ। यसका साथै स्थानीय सरकारले आश्रीत जनसङ्ख्या र अपाङ्गगता भएको जनसङ्ख्यालाई प्रदान गर्ने सेवा सुविधाको लागि समेत थप लगानी समेत गर्नुपर्ने हुन्छ।यसै यथार्थतालाई स्वीकार गर्दै सवारी साधन कर बाँडफाँटको हिस्सा निर्धारण गर्ने प्रयोजनार्थ जनसङ्ख्या सूचकलाई प्रदान गरिएको ५०

प्रतिशत भारलाई शतप्रतिशत मानी सो अन्तर्गत कुल जनसङ्ख्यालाई ६० प्रतिशत, आश्रीत जनसङ्ख्यालाई ३० प्रतिशत र अपाङ्गगता भएको जनसङ्ख्यालाई १० प्रतिशत भार दिइएको छ।

## ५.२ क्षेत्रफल (भूगोल)

सवारी साधनको सहज आवागमनको लागि आवश्यक सडक पूर्वाधारको विकास, विस्तार तथा मर्मत सम्भार गर्नुको साथै सवारी साधनको प्रयोगबाट उत्पन्न हुन सक्ने सम्भाव्य नकरात्मक असर तथा प्रभावलाई न्यूनीकरण गर्न आवश्यक नियन्त्रणात्मक उपायहरू अपनाउन थप आर्थिक स्रोतको व्यवस्थापन गर्नु पर्दछ। सडकको पहुँच नभएका स्थानीय तहमा समेत सडक पूर्वाधारको विस्तार गर्न थप श्रोतको आवश्यकता पर्ने हुन्छ भने सडकको पहुँच नभएका तर ठूलो क्षेत्रफल भएका स्थानीय तहको सडक पूर्वाधारको विस्तारको आवश्यकतालाई समेत सम्बोधन गर्नुपर्ने हुन्छ। तसर्थ सवारी साधन कर बाँडफाँडको आधार र ढाँचामा स्थानीय तहको क्षेत्रफल (भूगोल) लाई सूचकको रुपमा समावेश गरी यस सूचकलाई १० प्रतिशत भार दिइएको छ। यसका लागि प्रदेशको कूल क्षेत्रफलमा स्थानीय तहले ओगटेको क्षेत्रफलको अनुपातलाई लिइएको छ। सवारी साधन कर बाँडफाँटलाई सन्तुलित बनाउन ३०० वर्ग किलोमिटर भन्दा बढी क्षेत्रफल भएका स्थानीय तहको हकमा ३०० वर्ग किलोमिटरको अधिकतम सीमा कायम गरी गणना गरिएको छ।

## ५.३ मानव विकास सूचकाङ्क

मानव विकास सूचकाङ्कले शिक्षा (Education), स्वास्थ्य (औषत आयु) र प्रति व्यक्ति आय (Per Capita Income) लाई समेट्ने गर्दछ। स्थानीय तहको मानव विकास सूचकाङ्कले गुणस्तरीय मानव जीवन (Quality of Human Life) का बारेमा जानकारी प्रदान गर्नुका साथै त्यहाँको मानव विकासको स्तरसमेत निर्धारण गर्दछ। मानव विकास सूचकाङ्क कमजोर भएको स्थानीय सरकारले आफ्नो क्षेत्रका जनताको जीवनस्तर उकास्न विशेष ध्यान दिनुपर्ने हुन्छ भने ती स्थानीय सरकारले त्यहाँको मानव विकासको स्तर अभिवृद्धिका लागि बढी खर्च गर्नुपर्ने हुँदा स्थानीय सरकारको लागत बढाउने गर्दछ। सन् २०२० मा प्रकाशित मानव विकास प्रतिवेदनमा राष्ट्रिय तहको अतिरिक्त प्रदेश तहसम्मको मानव विकास सूचकाङ्क प्रकाशन गरेको भएतापनि स्थानीय तहगत रूपमा त्यस्तो सूचकाङ्क उल्लेख गरेको पाइएन। ऐनको व्यवस्था कार्यान्वयन गर्ने क्रममा स्थानीय तहगत रूपमा नै मानव विकास सूचकाङ्क आवश्यक पर्ने हुँदा सो प्रतिवेदनमा उपलब्ध प्रादेशिक, भौगोलिक तथा शहरी र ग्रामीण सूचकाङ्क समेतलाई आधार बनाएर सबै स्थानीय तहको मानव विकासको प्रतिविम्वित सूचकाङ्क विकास गरी यस प्रयोजनार्थ प्रयोगमा ल्याइएको छ। मानव विकास सूचकाङ्कलाई मूल सूचकको रुपमा कायम गरी ५ प्रतिशत भार प्रदान गरिएको छ।

## ५.४ पूर्वाधार विकास

नेपालको संविधानले विकासको दृष्टिले पछाडि परेका क्षेत्रलाई प्राथमिकता दिंदै सन्तुलित, वातावरण अनुकूल, गुणस्तरीय तथा दीगो रूपमा भौतिक विकास गर्ने नीति लिएको छ। सो नीतिको कार्यान्वयन

गर्ने दायित्व तीनवटै तहका सरकारको रहन्छ। संविधानको विकास सम्बन्धी नीतिको कार्यान्वयन गर्न आर्थिक स्रोतको आवश्यकता रहन्छ। स्थानीय तहको पूर्वाधार विकासको अवस्थाले सो स्थानीय तहको विकास खर्चको आवश्यकता निर्धारण गर्दछ। पूर्वाधार विकासको अवस्था कमजोर भएका स्थानीय सरकारले जनतालाई संविधानले मार्गदर्शन गरे अनुसारका विकासका सुविधा प्रदान गर्न खर्च गर्नुपर्ने हुन्छ, जसले गर्दा सेवाको लागत वृद्धि गराउँछ। तसर्थ स्थानीय तहमा उपलब्ध सडक, विद्युत, सूचना प्रविधि, खानेपानी, शहरीकरण र सरसफाईको पहुँच तथा उपलब्धतालाई उपसूचकको रूपमा कायम गरी पूर्वाधार विकास सूचक तयार गरिएको छ। पूर्वाधार विकास सूचकलाई २५ प्रतिशत भार प्रदान गरिएको छ।

**५.४.१ सडकको घनत्व (सडकमा पहुँच):** नेपाल सरकारले अगाडि सारेको २५ वर्षे दीर्घकालीन सोच (२०७६-२१००) को प्रमुख परिमाणात्मक लक्ष्यले सोचको अन्तिम अवधिमा ३० मिनेटसम्मको दुरीमा यातायात पहुँच भएको परिवार शतप्रतिशत पुऱ्याउने लक्ष्य लिएको छ। सो लक्ष्य हासिल गर्न सबै तहका सरकारले सडक निर्माण तथा स्तरोन्तिका लागि खर्च गर्नुपर्ने हुन्छ। सडक सञ्जालको पहुँचले कुनै पनि स्थानीय तहको विकासमा टेवा पुऱ्याउनुका साथै सार्वजनिक सेवा वितरणलाई प्रभावकारी बनाउन र जनतालाई सुगम तथा सहज ढंगले सेवा प्राप्त गर्न महत्वपूर्ण भूमिका खेलेको हुन्छ। साथै, सडकको घनत्व धेरै भएको स्थानीय तहमा सवारी साधन धेरै सञ्चालन हुने भएकोले सडकको मर्मत सम्भारमा समेत बढी खर्च गर्नुपर्ने हुन्छ। अत: पूर्वाधार विकास अन्तर्गतको उपसूचक मध्ये सडकको घनत्व उपसूचकलाई बढी भार दिइएको छ। पूर्वाधार विकास सूचकलाई दिईएको २५ प्रतिशत भारलाई शत प्रतिशत मानी सोको ७५ प्रतिशत भार स्थानीय तहको सडकको घनत्व उपसूचकलाई दिईएको छ।

**५.४.२ खानेपानीको सुविधा (खानेपानीमा पहुँच):** आ.व. २०७९/८० मा उच्च मध्यमस्तरको खानेपानी सुविधा पुगेको ३२ प्रतिशत जनसङ्ख्यालाई सरकारको दीर्घकालीन सोचको अन्तिम वर्ष ९५ प्रतिशत पुऱ्याउने लक्ष्य हासिल गर्न यस क्षेत्रमा लगानी गर्न जरूरी हुन्छ। खानेपानी सुविधाको पहुँच विस्तार गर्दै लैजाने विषय सरकारको मुख्य दायित्व भित्रको विषय हो। प्रत्येक स्थानीय सरकारले आफ्नो क्षेत्र भित्रका जनतालाई सजिलै खानेपानी सुविधा प्राप्त गर्ने वातावरणको सिर्जना गर्नेतर्फ प्रयास गर्नुपर्ने हुन्छ। स्थानीय तहमा खानेपानी सुविधाको पहुँच बढाउन आर्थिक स्रोतको आवश्यकता पर्दछ। अतः यी पक्षहरुलाई ख्याल राख्दै पूर्वाधार विकास अन्तर्गतको २५ प्रतिशतलाई शत प्रतिशत मानी खानेपानी सुविधा उपसूचकलाई ५ प्रतिशत भार प्रदान गरिएको छ।

**५.४.३ सरसफाई (शौचालयको उपलब्धता):** नेपालको संविधानले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हकको प्रत्याभूत गरेको छ। स्वच्छ र स्वस्थ

वातावरण कायम गर्न सरसफाई एक महत्वपूर्ण विषय हो भने शौचालयको उपलब्धता सरसफाईको अवस्था चित्रण गर्ने मुख्य अवयव हो। सरसफाईको अवस्था कमजोर रहेको स्थानीय सरकारले सो सुविधा वृद्धि गर्नका लागि थप लगानी गर्नुपर्ने हुन्छ भने पर्याप्त सरसफाईको उपलब्धता भएको स्थानमा थप लगानीको आवश्यकता नपर्न सक्दछ। सरसफाईको कमजोर अवस्थाले गर्दा स्थानीय तहका जनताले महामारी जस्ता विभिन्न नकारात्मक असरहरूको समेत सामना गर्नुपर्ने हुन्छ। तसर्थ स्थानीय तहमा हाल रहेका शौचालयको उपलब्धतालाई सरसफाई सूचक कायम गरी पूर्वाधार विकास अन्तर्गतको २५ प्रतिशतलाई शत प्रतिशत मानी सरसफाई (शौचालय) सुविधा उपसूचकलाई ५ प्रतिशत भार प्रदान गरिएको छ।

**५.४.४ शहरीकरणको अवस्थाः** स्थानीय तहको शहरीकरणको अवस्थाले सम्बन्धित प्रदेश तथा स्थानीय तहको विकासको अवस्थालाई प्रतिविम्वित गर्दछ। शहरी क्षेत्रको तुलनामा ग्रामीण तथा शहरोन्मुख क्षेत्रमा जनघनत्व कम हुन्छ। जनघनत्व बढी हुने स्थानीय तहमा सवारी साधन समेत धेरै हुने र सवारी साधन कर समेत धेरै संकलन हुने भएकोले ती स्थानीय तहलाई सवारी साधन कर वाफतको रकम धेरै दिनु न्यायोचित हुन्छ। स्थानीय तहको ग्रामीण, शहरोन्मुख एवम् शहरी क्षेत्रलाई शहरीकरणको अवस्था सूचक कायम गरी पूर्वाधार विकास अन्तर्गतको २५ प्रतिशत भारलाई शत प्रतिशत मानी सो को ५ प्रतिशत भार शहरीकरणको अवस्था उपसूचकलाई प्रदान गरिएको छ।

**५.४.५ विद्युतको सुविधा (विद्युतमा पहुँच):** नेपाल सरकारले अगाडि सारेको २५ वर्षे दीर्घकालीन सोच (२०७६-२१००) अन्तिम अवधिमा विद्युत पहुँच प्राप्त परिवार समेत १०० प्रतिशत पुऱ्याउने लक्ष्य लिएको छ। विकासको एउटा आवश्यकताको रूपमा लिईने विद्युतको सुविधाले स्थानीय तहको आर्थिक विकासमा बहु-आयामिक भूमिका खेल्दछ। जुन स्थानीय तहमा विद्युत सुविधाको पहुँच कमजोर रहेको छ त्यस्तो स्थानीय तहमा विद्युत सेवा विस्तारको लागि स्थानीय सरकारले सोही बमोजिम बढी खर्च गर्नुपर्ने हुँदा थप आर्थिक व्ययभार पर्दछ। तसर्थ पूर्वाधार विकास सूचकलाई दिईएको २५ प्रतिशत भारलाई शत प्रतिशत मानी सोको ५ प्रतिशत भार विद्युतमा पहुँच उपसूचकलाई दिईएको छ।

**५.४.६ सूचना प्रविधिको विकास (सूचना प्रविधिमा पहुँच):** स्थानीय सरकारले जनतालाई प्रदान गर्ने सार्वजनिक सेवामा प्रभावकारिता ल्याउन सूचना प्रविधिले प्रमुख भूमिका खेल्दछ। जुन स्थानीय तहको सूचना प्रविधिको अवस्था कमजोर छ त्यहाँको स्थानीय सरकारले सूचना प्रविधिको स्तर माथी उकास्न थप लगानी गर्नुपर्ने हुन्छ। यसले एकातर्फ स्थानीय सरकारको आर्थिक व्ययभार बढाउने गर्दछ भने अर्कोतर्फ प्रशासनिक खर्चमा समेत वृद्धि ल्याउँछ। यी सबै

पक्षहरूलाई ख्याल गर्दै पूर्वाधार विकास सूचकलाई दिईएको २५ प्रतिशत भारलाई शत प्रतिशत मानी सूचना प्रविधिको पहुँच उपसूचकलाई ५ प्रतिशत भार दिईएको छ।

## ५.५ वनले ढाकेको क्षेत्रफल/पर्यावरण

सवारी साधनको उपयोगमा वृद्धि हुदै जाँदा यसले वातावरणीय पक्षमा विस्तारै नकारात्मक असर पार्दछ। सवारी साधनको अत्याधिक प्रयोगले कार्बनजन्य प्रदुषणको समस्या सिर्जना हुन्छ। सवारी साधनहरूले निसृत गर्ने कार्बनजन्य प्रदुषणको उपयुक्त र भरपर्दो समाधानका लागि वन तथा हरियालीको संरक्षण र प्रवर्द्धनले सहयोग पुऱ्याउँछ। वन क्षेत्रको विस्तार/विकास हुन सकेमा अन्ततः पर्यावरण संरक्षणमा टेवा पुग्नेमा दुईमत छैन। वन क्षेत्रको विद्यमान अवस्थितिलाई कायमै राख्न तथा थप वन क्षेत्रको विस्तार गरी पर्यावरणीय सन्तुलनको लागि स्थानीय सरकारले गरेका प्रयासहरूलाई कर बाँडफाँटको माध्यमबाट प्रोत्साहित गर्नुपर्ने हुन्छ। स्थानीय तहगत रूपमा प्रत्येक वर्ष वन क्षेत्रको विस्तार सम्बन्धी विस्तृत तथ्याङ्क उपलब्ध हुन नसकेको विद्यमान अवस्थामा सम्बन्धित स्थानीय तह भित्रको वनले ढाकेको क्षेत्रफललाई आधारको रूपमा समावेश गरिएको छ। सवारी साधन करको रकमलाई वन क्षेत्र/पर्यावरणको संरक्षण र विस्तारमा परिचालन गर्न सकियोस भन्ने उद्देश्यका साथ स्थानीय तहको वनले ढाकेको क्षेत्रफललाई १० प्रतिशत भार दिइएको छ।

## ६. सवारी साधन कर बाँडफाँटको हिस्सा

आर्थिक वर्ष २०८३/८४ मा कोशी प्रदेश सरकारले स्थानीय विभाज्य कोषमा जम्मा गर्ने सवारी साधन करलाई आयोगबाट निर्धारित आधार र ढाँचा बमोजिम सो प्रदेश भित्रका स्थानीय सरकार बीचमा बाँडफाँट सम्बन्धी हिस्साको विवरण तालिका नं. ३ बमोजिम हुने गरी सिफारिस गरिएको छ।

**तालिका नं. ३**

**कोशी प्रदेश भित्रका स्थानीय सरकारबीच हुने सवारी साधन कर बाँडफाँटको हिस्साको विवरण**

| क्र. सं. | स्थानीय तहको संकेत नं. | जिल्ला | स्थानीय तहको नाम | सवारी साधन कर बाँडफाँटको हिस्सा |
|---|---|---|---|---|
| १ | 10101 | ताप्लेजुङ | फक्ताङ्लुङ्ग गाउँपालिका | 0.00887634 |
| २ | 10102 | ताप्लेजुङ | मिक्वाखोला गाउँपालिका | 0.00589498 |
| ३ | 10103 | ताप्लेजुङ | मेरिङ्गदेन गाउँपालिका | 0.00516578 |
| ४ | 10104 | ताप्लेजुङ | मैवाखोला गाउँपालिका | 0.00424313 |
| ५ | 10105 | ताप्लेजुङ | आठराई त्रिवेणी गाउँपालिका | 0.00415844 |
| ६ | 10106 | ताप्लेजुङ | फुङलिङ्ग नगरपालिका | 0.00933371 |

| क्र. सं. | स्थानीय तहको संकेत नं. | जिल्ला | स्थानीय तहको नाम | सवारी साधन कर बाँडफाँटको हिस्सा |
|---|---|---|---|---|
| ७ | 10107 | ताप्लेजुङ | पाथिभरा याङ्वराक  गाउँपालिका | 0.00449078 |
| ८ | 10108 | ताप्लेजुङ | सिरीजङ्गा गाउंपालिका | 0.00671154 |
| ९ | 10109 | ताप्लेजुङ | सिदिङ्वा गाउँपालिका | 0.00491579 |
| १० | 10201 | संखुवासभा | भोटखोला गाउँपालिका | 0.00735383 |
| ११ | 10202 | संखुवासभा | मकालु गाउँपालिका | 0.00961191 |
| १२ | 10203 | संखुवासभा | सिलीचोङ गाउँपालिका | 0.00696962 |
| १३ | 10204 | संखुवासभा | चिचिला गाउँपालिका | 0.00360944 |
| १४ | 10205 | संखुवासभा | सभापोखरी गाउँपालिका | 0.00520146 |
| १५ | 10206 | संखुवासभा | खाँदबारी नगरपालिका | 0.00945443 |
| १६ | 10207 | संखुवासभा | पाँचखपन नगरपालिका | 0.00540761 |
| १७ | 10208 | संखुवासभा | चैनपुर नगरपालिका | 0.00966101 |
| १८ | 10209 | संखुवासभा | मादी नगरपालिका | 0.00457004 |
| १९ | 10210 | संखुवासभा | धर्मदेवी नगरपालिका | 0.00551182 |
| २० | 10301 | सोलुखुम्बु | खुम्बु पासाङल्हामु  गाउँपालिका | 0.00530068 |
| २१ | 10302 | सोलुखुम्बु | माहाकुलुङ गाउँपालिका | 0.00638141 |
| २२ | 10303 | सोलुखुम्बु | सोताङ गाउँपालिका | 0.00341881 |
| २३ | 10304 | सोलुखुम्बु | माप्य दुधकोशी  गाउँपालिका | 0.00439904 |
| २४ | 10305 | सोलुखुम्बु | थुलुङ दुधकोशी  गाउँपालिका | 0.00510793 |
| २५ | 10306 | सोलुखुम्बु | नेचासल्यान गाउँपालिका | 0.00413687 |
| २६ | 10307 | सोलुखुम्बु | सोलुदुधकुण्ड नगरपालिका | 0.00915909 |
| २७ | 10308 | सोलुखुम्बु | लिखु  पिके गाउँपालिका | 0.00363943 |
| २८ | 10401 | ओखलढुङ्गा | चिशंखुगढी गाउँपालिका | 0.00423847 |
| २९ | 10402 | ओखलढुङ्गा | सिद्धिचरण नगरपालिका | 0.00774466 |
| ३० | 10403 | ओखलढुङ्गा | मोलुङ्ग गाउँपालिका | 0.00493750 |
| ३१ | 10404 | ओखलढुङ्गा | खिजीदेम्बा गाउँपालिका | 0.00515775 |
| ३२ | 10405 | ओखलढुङ्गा | लिखु गाउँपालिका | 0.00426975 |
| ३३ | 10406 | ओखलढुङ्गा | चम्पादेवी गाउँपालिका | 0.00484265 |
| ३४ | 10407 | ओखलढुङ्गा | सुनकोशी गाउँपालिका | 0.00524298 |
| ३५ | 10408 | ओखलढुङ्गा | मानेभन्ज्याङ्ग गाउँपालिका | 0.00570394 |
| ३६ | 10501 | खोटाङ | केपिलासगढी गाउँपालिका | 0.00549696 |

| क्र. सं. | स्थानीय तहको संकेत नं. | जिल्ला | स्थानीय तहको नाम | सवारी साधन कर बाँडफाँटको हिस्सा |
|---|---|---|---|---|
| ३७ | 10502 | खोटाङ | ऐसेलुखर्क गाउँपालिका | 0.00446030 |
| ३८ | 10503 | खोटाङ | रावा बेसी गाउँपालिका | 0.00467307 |
| ३९ | 10504 | खोटाङ | हलेसी तुवाचुङ नगरपालिका | 0.00967491 |
| ४० | 10505 | खोटाङ | दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका | 0.01134754 |
| ४१ | 10506 | खोटाङ | साकेला गाउँपालिका | 0.00453110 |
| ४२ | 10507 | खोटाङ | दिप्रुङ चुइचुम्मा गाउँपालिका | 0.00546794 |
| ४३ | 10508 | खोटाङ | खोटेहाङ गाउँपालिका | 0.00591070 |
| ४४ | 10509 | खोटाङ | जन्तेढुङ्गा गाउँपालिका | 0.00469778 |
| ४५ | 10510 | खोटाङ | बराहपोखरी गाउँपालिका | 0.00472427 |
| ४६ | 10601 | भोजपुर | षडानन्द नगरपालिका | 0.00931482 |
| ४७ | 10602 | भोजपुर | साल्पासिलिछो गाउँपालिका | 0.00500237 |
| ४८ | 10603 | भोजपुर | टेम्केमैयुङ गाउँपालिका | 0.00545387 |
| ४९ | 10604 | भोजपुर | भोजपुर नगरपालिका | 0.00897156 |
| ५० | 10605 | भोजपुर | अरुण गाउँपालिका | 0.00546121 |
| ५१ | 10606 | भोजपुर | पौवा दुङ्मा गाउँपालिका | 0.00436936 |
| ५२ | 10607 | भोजपुर | रामप्रसाद राई गाउँपालिका | 0.00552025 |
| ५३ | 10608 | भोजपुर | हतुवागढी गाउँपालिका | 0.00469948 |
| ५४ | 10609 | भोजपुर | आमचोक गाउँपालिका | 0.00508383 |
| ५५ | 10701 | धनकुटा | महालक्ष्मी नगरपालिका | 0.00586440 |
| ५६ | 10702 | धनकुटा | पाख्रिबास नगरपालिका | 0.00729615 |
| ५७ | 10703 | धनकुटा | छथर जोरपाटी गाउँपालिका | 0.00492604 |
| ५८ | 10704 | धनकुटा | धनकुटा नगरपालिका | 0.00840171 |
| ५९ | 10705 | धनकुटा | सहिदभुमी गाउँपालिका | 0.00470050 |
| ६० | 10706 | धनकुटा | साँगुरीगढी गाउँपालिका | 0.00564479 |
| ६१ | 10707 | धनकुटा | चौविसे गाउँपालिका | 0.00564030 |
| ६२ | 10801 | तेह्रथुम | आठराई गाउँपालिका | 0.00613739 |
| ६३ | 10802 | तेह्रथुम | फेदाप गाउँपालिका | 0.00553290 |
| ६४ | 10803 | तेह्रथुम | मेन्छयायेम गाउँपालिका | 0.00333754 |
| ६५ | 10804 | तेह्रथुम | म्याङ्गलुङ्ग नगरपालिका | 0.00910183 |

| क्र. सं. | स्थानीय तहको संकेत नं. | जिल्ला | स्थानीय तहको नाम | सवारी साधन कर बाँडफाँटको हिस्सा |
|---|---|---|---|---|
| ६६ | 10805 | तेह्रथुम | लालीगुराँस नगरपालिका | 0.00553354 |
| ६७ | 10806 | तेह्रथुम | छथर गाउँपालिका | 0.00497590 |
| ६८ | 10901 | पाँचथर | याङवरक गाउँपालिका | 0.00608206 |
| ६९ | 10902 | पाँचथर | हिलिहाङ्ग गाउँपालिका | 0.00555951 |
| ७० | 10903 | पाँचथर | फालेलुङ्ग गाउँपालिका | 0.00616056 |
| ७१ | 10904 | पाँचथर | फिदिम नगरपालिका | 0.00935837 |
| ७२ | 10905 | पाँचथर | फाल्गुनन्द गाउँपालिका | 0.00533218 |
| ७३ | 10906 | पाँचथर | कुम्मायक गाउँपालिका | 0.00459107 |
| ७४ | 10907 | पाँचथर | तुम्बेवा गाउँपालिका | 0.00400638 |
| ७५ | 10908 | पाँचथर | मिक्लाजुङ गाउँपालिका | 0.00618849 |
| ७६ | 11001 | इलाम | माई  जोगमाई गाउँपालिका | 0.00571055 |
| ७७ | 11002 | इलाम | सन्दकपुर गाउँपालिका | 0.00570904 |
| ७८ | 11003 | इलाम | ईलाम नगरपालिका | 0.00973512 |
| ७९ | 11004 | इलाम | देउमाई नगरपालिका | 0.00679679 |
| ८० | 11005 | इलाम | फाकफोकथुम गाउँपालिका | 0.00596904 |
| ८१ | 11006 | इलाम | माङसेबुङ गाउापालिका | 0.00579341 |
| ८२ | 11007 | इलाम | चुलाचुली गाउँपालिका | 0.00577004 |
| ८३ | 11008 | इलाम | माई नगरपालिका | 0.00734410 |
| ८४ | 11009 | इलाम | सूर्योदय नगरपालिका | 0.01214292 |
| ८५ | 11010 | इलाम | रोङ गाउँपालिका | 0.00566431 |
| ८६ | 11101 | झापा | मेचीनगर नगरपालिका | 0.01282337 |
| ८७ | 11102 | झापा | बुद्धशान्ति गाउँपालिका | 0.00737918 |
| ८८ | 11103 | झापा | अर्जुनधारा नगरपालिका | 0.01379167 |
| ८९ | 11104 | झापा | कन्काई नगरपालिका | 0.01130230 |
| ९० | 11105 | झापा | शिवसताक्षी नगरपालिका | 0.01128247 |
| ९१ | 11106 | झापा | कमल गाउँपालिका | 0.00818903 |
| ९२ | 11107 | झापा | दमक नगरपालिका | 0.00878925 |
| ९३ | 11108 | झापा | गौरादह नगरपालिका | 0.00820221 |
| ९४ | 11109 | झापा | गौरिगञ्ज गाउँपालिका | 0.00624514 |
| ९५ | 11110 | झापा | झापा गाउँपालिका | 0.00645387 |

| क्र. सं. | स्थानीय तहको संकेत नं. | जिल्ला | स्थानीय तहको नाम | सवारी साधन कर बाँडफाँटको हिस्सा |
|---|---|---|---|---|
| ९६ | 11111 | झापा | बाह्रदशी गाउँपालिका | 0.00652296 |
| ९७ | 11112 | झापा | बिर्तामोड नगरपालिका | 0.01279014 |
| ९८ | 11113 | झापा | हल्दीबारी गाउँपालिका | 0.00625330 |
| ९९ | 11114 | झापा | भद्रमपुर नगरपालिका | 0.00870299 |
| १०० | 11115 | झापा | कचनकवल गाउँपालिका | 0.00658411 |
| १०१ | 11201 | मोरङ | मिक्लाजुङ्ग गाउँपालिका | 0.00678516 |
| १०२ | 11202 | मोरङ | लेटाङ नगरपालिका | 0.00789953 |
| १०३ | 11203 | मोरङ | केराबारी गाउँपालिका | 0.00762014 |
| १०४ | 11204 | मोरङ | सुन्दरहरैंचा नगरपालिका | 0.01490975 |
| १०५ | 11205 | मोरङ | बेलबारी नगरपालिका | 0.01301251 |
| १०६ | 11206 | मोरङ | कानेपोखरी गाउँपालिका | 0.00725298 |
| १०७ | 11207 | मोरङ | पथरी शनिश्चरे  नगरपालिका | 0.01428899 |
| १०८ | 11208 | मोरङ | उर्लाबारी नगरपालिका | 0.01097648 |
| १०९ | 11209 | मोरङ | रतुवामाई नगरपालिका | 0.00807941 |
| ११० | 11210 | मोरङ | सुनवर्षी नगरपालिका | 0.00809012 |
| १११ | 11211 | मोरङ | रंगेली नगरपालिका | 0.00854861 |
| ११२ | 11212 | मोरङ | ग्रामथान गाउँपालिका | 0.00606055 |
| ११३ | 11213 | मोरङ | बुढीगंगा गाउँपालिका | 0.00710065 |
| ११४ | 11214 | मोरङ | बिराटनगर महानगरपालिका | 0.02724691 |
| ११५ | 11215 | मोरङ | कटहरी गाउँपालिका | 0.00704247 |
| ११६ | 11216 | मोरङ | धनपालथान गाउँपालिका | 0.00688591 |
| ११७ | 11217 | मोरङ | जहदा गाउँपालिका | 0.00734353 |
| ११८ | 11301 | सुनसरी | धरान उपमहानगरपालिका | 0.01434756 |
| ११९ | 11302 | सुनसरी | बराहक्षेत्र नगरपालिका | 0.00983181 |
| १२० | 11303 | सुनसरी | कोशी गाउँपालिका | 0.00661599 |
| १२१ | 11304 | सुनसरी | भोक्राहा नरसिंह  गाउँपालिका | 0.00691731 |
| १२२ | 11305 | सुनसरी | रामधुनी नगरपालिका | 0.00723180 |
| १२३ | 11306 | सुनसरी | ईटहरी उपमहानगरपालिका | 0.01766154 |
| १२४ | 11307 | सुनसरी | दुहबी नगरपालिका | 0.01128154 |
| १२५ | 11308 | सुनसरी | गढी गाउँपालिका | 0.00597195 |

| क्र. सं. | स्थानीय तहको संकेत नं. | जिल्ला | स्थानीय तहको नाम | सवारी साधन कर बाँडफाँटको हिस्सा |
|---|---|---|---|---|
| १२६ | 11309 | सुनसरी | इनरुवा नगरपालिका | 0.00996971 |
| १२७ | 11310 | सुनसरी | हरिनगर गाउँपालिका | 0.00693669 |
| १२८ | 11311 | सुनसरी | देवानगन्ज गाउँपालिका | 0.00648143 |
| १२९ | 11312 | सुनसरी | बर्जु गाउँपालिका | 0.00578611 |
| १३० | 11401 | उदयपुर | बेलका नगरपालिका | 0.00910486 |
| १३१ | 11402 | उदयपुर | चौदण्डीगढी नगरपालिका | 0.01150977 |
| १३२ | 11403 | उदयपुर | त्रियुगा नगरपालिका | 0.01492003 |
| १३३ | 11404 | उदयपुर | रौतामाई गाउँपालिका | 0.00639858 |
| १३४ | 11405 | उदयपुर | लिम्चुङ्बुङ गाउँपालिका | 0.00418505 |
| १३५ | 11406 | उदयपुर | ताप्ली गाउँपालिका | 0.00479054 |
| १३६ | 11407 | उदयपुर | कटारी नगरपालिका | 0.01332687 |
| १३७ | 11408 | उदयपुर | उदयपुरगढी गाउँपालिका | 0.00758438 |
| **जम्मा** | | | | **1.00000000** |

## ७. सवारी साधन कर सङ्कलन तथा बाँडफाँट र उपयोग सम्बन्धी सुझावहरूः

७.१ एक प्रदेशमा दर्ता एवम् नवीकरण भएका सवारी साधनहरू अन्य प्रदेशहरूमा पनि निर्वाध रूपमा आवागमन गर्न पाउने व्यवस्था सुरक्षित रहेको छ। यस क्रममा कतिपय सवारी धनीले आफूले तिर्नु बुझाउनुपर्ने सवारी साधन कर नेपालभित्र आफू जुन स्थानमा बसेको छ, सो नजिकै रहेको सवारी साधन कर उठाउने कार्यालयबाट बुझाउन मिल्ने व्यवस्था मिलाउँदा करदातालाई सहज हुनेछ भने त्यसरी सङ्कलन हुने राजस्वलाई प्रदेश-प्रदेश बीचको समन्वयमा सम्बन्धित प्रदेशमा हस्तान्तरण गर्न सकिनेछ। अतः यसतर्फ सम्बन्धित प्रदेश सरकारले ध्यान दिनु उपयुक्त हुनेछ। साथै, आधुनिक सूचना प्रविधिको प्रयोग गर्दै विद्युतीय प्रणालीबाट सवारी साधन करको भुक्तानी व्यवस्था मिलाउँदा राजस्व भुक्तानी र सङ्कलनमा थप सहजता आउनेछ।

७.२ प्रदेश सरकारले सङ्कलन गरेको कुल सवारी साधन करको ४० प्रतिशतले हुने रकम स्थानीय सरकारलाई बाँडफाँट गर्नुपूर्व स्थानीय विभाज्य कोषमा जम्मा गरिने र त्यस्तो कोषमा जम्मा भएको रकमलाई यस आयोगले सिफारिस गरेको हिस्सा बमोजिम प्रदेश सरकारले स्थानीय सरकारको सञ्चित कोषमा मासिक रूपमा हस्तान्तरण गर्दै जानुपर्ने कानूनी व्यवस्था रहेको छ। तर हालसम्मको अभ्यासमा कतिपय प्रदेश सरकारले उक्त कर बाँडफाँटको रकमलाई

मासिक रूपमा स्थानीय सञ्चित कोषमा जम्मा हुने गरी बाँडफाँट गरेको नपाइएकोले यस किसिमको व्यवहारले कानूनी व्यवस्थाको पूर्ण पालना नभएको कारण स्थानीय सरकारको स्रोत व्यवस्थापनमा कठिनाई उत्पन्न भएको छ। अतः सबै प्रदेश सरकारले स्थानीय सरकारलाई बाँडफाँट गर्नुपर्ने सवारी साधन करको रकम मासिक रूपमा स्थानीय सञ्चित कोषमा जम्मा हुने गरी अनिवार्य बाँडफाँट गर्नु पर्दछ।

७.३ प्रदेश सरकारले सङ्कलन गरेको सवारी साधन करलाई यथार्थ समयमा आधारित (Real Time Based) रहेर कानून बमोजिम प्रदेश विभाज्य कोष र तत् पश्चात स्थानीय विभाज्य कोषमा स्वतः जम्मा हुने र मासिक रूपमा सम्बन्धित स्थानीय सरकारको सञ्चित कोषमा जम्मा हुने किसिमको विद्युतीय प्रणालीको स्थापना र सञ्चालन गरिएमा सवारी साधन करको बाँडफाँटमा थप प्रभावकारिता र पारदर्शिताको विकास हुनेछ।

७.४ यस सिफारिसको खण्ड ४ मा रहेको सवारी साधन कर बाँडफाँटको हिस्सा सिफारिस गर्न लिइएका आधार र ढाँचाको व्याख्या एवम् विश्लेषण खण्डमा सूचक तथा उपसूचकलाई आधारको रुपमा लिनुपर्नाको कारण र भार निर्धारणको ब्याख्या विश्लेषण गरिएको छ। स्थानीय सरकारले सवारी साधन कर बाँडफाँटबाट प्राप्त भएको रकम सोही बमोजिमको उद्देश्य हासिल हुनेगरी विनियोजन एवम् खर्च गर्नु पर्दछ। यसका साथै देहाय बमोजिम गर्न उपयुक्त हुन्छ।

- प्रादेशिक तथा स्थानीय सडकको मर्मत सम्भार गर्न,
- प्रादेशिक तथा स्थानीय सडकको सुरक्षासम्बन्धी आवश्यक सङ्केत चिन्ह, सूचना लगायतका पूर्वाधारको स्थापना र मर्मत सम्भार गर्न,
- सवारी चालक तथा सहचालकहरू, यात्रुहरू र आम नागरिकहरूका बीचमा सडकको सुरक्षित उपयोगसम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्न,
- सवारी साधनको प्रयोगसँगै यसबाट वातावरणमा पर्ने असर/प्रभावलाई न्यूनीकरण गर्ने कार्य, मूलतः वनजङ्गलको संरक्षण र प्रवर्द्धनसम्बन्धी कार्यक्रम सञ्चालन गर्न,
- वातावरणमैत्री सवारी साधनको प्रवर्द्धन गर्न,
- प्रदेश र स्थानीय सरकारको सार्वजनिक यातायात प्रणालीलाई व्यवस्थित बनाउन मूलतः बसपार्क, यात्रु प्रतिक्षालय तथा सार्वजनिक शौचालय निर्माण लगायतका पूर्वाधार निर्माण गर्न।

***